स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतीय अभिनेता नवाजुद्दीन सिद्दीकीले नेपालमा राम्रो चलचित्र निर्माण हुने माहौल बनेको बताएका छन् । सोमबार काठमाडौंमा अन्तरक्रियात्मक कार्यक्रममा बोल्दै उनले नेपाली चलचित्र शाम्बालाले चलचित्रका लागि नेपालमा अब नयाँ माहौल बनेको बताएका हुन् । उनले निर्देशक मीनबहादुर भामले चलचित्रलाई उत्कृष्ट बनाएको आफूले पाएको पनि बताए । त्यसले एउटा माहौल बन्छ । अब नेपालमा पनि त्यस्ता निर्देशक, कलाकारहरु आउँछन् ।

**आजको विचार...**



हराउँदै...
*(दुई पेजमा)*

विनोद सिजापती



प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीको शब्दमा 'फूलको बाँस्नासरी' गीत सार्वजनिक भएको छ । नेपाल प्रहरीको कर्तव्य र भावना समेटिएको गीतमा राजेशपायल राई, मेलिना राई, बेनिशा पौडेल र समीर खरेलको स्वर छ । गीतमा दीपक शर्माको संगीत र श्यामश्वेत रसाइलीको एरेन्ज छ । गम्भीर विष्टले निर्देशन गरेको गीतको भिडियोमा नेपाल प्रहरीको कर्तव्य र जीवनशैलीलाई प्रस्तुत गरिएको छ । भिडियोमा रमेश उप्रेती, प्रियंका कार्की, प्रकाश सपुत, बेनिशा हमाल लगायतले अभिनय गरेका छन् । भिडियोको कथा र अवधारणा सरोज ओलीको हो।

❒ वर्ष ३० ❒ अंक ५७ ❒ २०८१ भदौ २६ गते बुधबार 11 September 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# ढोरपाटनमा एक वर्षमै फल्यो स्याउ

**रासस**

**बागलुङ,** भदौ २५/ढोरपाटन उपत्यकाबाट निसेलढोर जाने बाटोमा पर्ने मस गाउँमा पछिल्लो किसानले प्रविधिकोप्रयोग गरी व्यावसायिक स्याउ उत्पादन गर्न थालेका छन् । विदेशबाट स्याउका बिरुवा ल्याएरलगाउन थालेपछि मसमा एकै वर्षमा स्याउ उत्पादन हुन थालेको हो ।

सडकको बायाँपट्टी ठूलो क्षेत्रफलमालटरम्म फलेका थरिथरी जातका स्याउले भरिएको बगान फलामे तारले घेरिएको छ । वर्षौंअघिदेखि मस गाउँमा रैथाने जातका स्याउखेती गरिँदै आए पनि अपेक्षित उत्पादनहुन नसकेपछि विदेशबाट बिरुवा ल्याएर लगाउन थालिएको हो । ढोरपाटन नगरपालिका- ९ काहोमलाल भुसालसहितको समूहले थालेको व्यावसायिक स्याउखेती अहिले यहाँका अन्यकिसानको अध्ययन गर्ने थलोका रुपमा विकास हुँदै गएको छ । मस गाउँसहित ढोरपाटनकोनवी, भूजी, स्यालपाखे, काङ, निसेलढोरको कुँडेलगायत ठाउँमा करिब डेढ दशकदेखिस्याउखेती थालिएकामा अहिले उत्पादनमा किसान केन्द्रित हुन दिन



थालेका हुन् । अहिले गाउँका अन्य किसानले पनि नयाँ प्रविधिकोप्रयोग गरी स्याउखेती गर्न थालेका छन् । पछिल्लो समय रैथाने खेती गर्ने किसानले पनिव्यावसायिक खेतीप्रति चासो दिन थालेका हुन् ।

ढोरपाटन- ९ का होमलाल भुसालसहित चिरनघर्ती, कमानसिंह बुढा, झिरमती घर्ती, रुद्र घर्ती र चकेन्द्र घर्तीलेसुरु गरेको स्याउ खेतीलाई जिल्लास्थित कृषि ज्ञान केन्द्रले पनि लगानी गरेको छ ।

उनीहरुले एक वर्ष अघि एक हजार तीन सय बिरुवाइटालीबाट ल्याएर लगाउनु भएको थियो । कृषि निर्देशनालयबाट ७५ प्रतिशत अनुदानमाबिरुवा पाउने भएपछि दुई वर्ष अघिदेखि स्याउखेती गर्न जग्गा भाँडामा लिएर सम्याउने कामगरेको होमलालले बताए । उनीहरूले बिरुवा लगाएको एक वर्षमा करिब रुएक लाख ५० हजारको स्याउ उत्पादन भएको भन्दै अब केही दिनमा टिपेर बजार पठाउनेजानकारी दिए। भुसालले भने, 'पोहोर असारमा लगाएको बिरुवाले अहिले फल दिएपछि हामी धेरै खुसी भएकाछौं, हामीले थालेको स्याउखेतीमा ज्ञान केन्द्रले पनि सहयोग गरेकाले सहज भएको छ । इटालीबाट बिरुवा आएको हो, यस वर्षयति परिणाममा फल्ला भन्ने लागेको थिएन, अर्को साल धेरै फल्ने अपेक्षा गरेका छौं ।'

*-बाँकी अन्तिम पेजमा*

## संक्षिप्त समाचार

### चक्रवातका कारण ६५ को मृत्यु



**(रासस/सिन्हुवा)**

**हनोई(भियतनाम),** भदौ २५/समाचार तयार पार्दा सम्म भियतनामको उत्तरी क्षेत्रमा सुपर टाइफुन यागीसँगै आएको बाढी र पहिरोमा परी ६५ जनाको मृत्यु हुनुका साथै ३९ जना बेपत्ता भएको देशको कृषि तथा ग्रामीण विकास मन्त्रालयले जनाएको छ ।

चक्रवातका कारण ७५२ जना घाइते भएको जनाइएको छ । मंगलबार लाओ काई र येन बाई प्रान्तको थाओ नदीको जलस्तरले सन् १९६८ र २००८ को ऐतिहासिक रेकर्डलाई पार गरेको स्थानीय समाचार माध्यमले जनाएको छ । राजधानी हनोईले बुई र काउ नदीमा पानीको स्तर बढ्दो क्रममा रहेकाले उच्चतम चेतावनी जारी गरेको छ । नोईको 'रेड नदी' को बढ्दो जलस्तरले सोमबार देखि सहरका विभिन्न क्षेत्रहरूमा बाढी आएको भियतनाम समाचार समितिले जनाएको छ । भियतनामी प्रधानमन्त्री फाम मिन्ह चिनले टाइफुनबाट प्रभावित पाँच प्रान्तलाई सहयोग गर्न सन् २०२४ को बजेटबाट १०० बिलियन भियतनामी डोङ वा (करिब चार मिलियन अमेरिकी डलर) छुट्याउने निर्णय गरेका छन् ।

# स्वास्थ्य बीमाको सिलिङ ५ लाख पुर्‍याउन ढिला सुस्ती : मन्त्री पौडेल

**हाम्रा संवाददाता**

**काठमाडौं,** भदौ २५/स्वास्थ्य तथा जनस्वास्थयमन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमाको सिलिङ पाँच लाख पुर्‍याउन सरकारले ढिला सुस्ती गरी रहेको बताएका छन् । मंगलबार शिक्षण अस्पतालमा राष्ट्रिय खेलाडीहरूको स्वास्थ्य परीक्षण नि:शुल्क गर्ने कार्यक्रममा बोल्दै मन्त्री पौडेलले बताएका हुन् ।




उनले सम्झौता एक लाख बराबरको बीमालाई व्यवस्थित गर्न नसकेको अवस्थामा अझ ५ लाख बराबरको झनै कठिन हुने हो की ? भन्ने आसङ्क सरकारसंग रहेको बताए । मन्त्री पौडेलले सरकारलाई मन्त्रालयको तर्फबाट आफूले श्रोत सुनिश्चितताका लागि आवश्यक प्रस्ताव र योजना पनि दिएको जानकारी दिएका छन् । उनले बीमालाई एकीकृत प्रणालीबाट विकास गर्नुपर्ने उल्लेख गरे । मन्त्री पौडेलले भने, 'उदारो उपचार पनि अस्पताले गर्न सक्दैन । ६२ करोड सुविधाका शीर्षक र बीमाको गरेर टिचिङको बाँकी छ भन्ने मैले सुनेको छु । त्यसैले अब त्यो अस्पताल चल्न तत्काल पेमेन्ट हुने स्थिति हुनुपर्छ । यो सबै कुरा श्रोत सुनिश्चित नभएका कारण भएको हो । श्रोत सुनिश्चित यस्तो -यस्तो तरिकाले गर्न सकिन्छ भनेर पनि हामीले प्रस्ताव गरेका छौं । यो एक लाखको सिलिङलाई बढाएर पाँच लाख पुर्‍याउनुपर्छ । एउटा परिवार पाँच जनाको मानिएको छ । एक लाख भनेको २० पञ्चे सय । त्यो खासै ठूलो होइन । आवश्यक पर्नेका लागि । यहाँ नपर्नेले पनि प्रयोग गरिदिएर समस्या भएको छ । आवश्यक हुनेका लागि यो पाँच लाखसम्म पुर्‍याउनुपर्छ । सबै उपचार यही मार्फत गरिने स्थिति हुनुपर्छ' । मन्त्री पौडेलले चिनीजन्य पदार्थ बढी भएका उत्पादनहरूमा सुगर ट्याक्स लगाउनुपर्ने र त्यसबाट आएको कर बीमा बोर्डमा जाने व्यवस्था गरिनुपर्ने बताए । राज्यले स्वास्थ्य कर १२ अर्ब लिने गरेको भए पनि स्वास्थ्य मन्त्रालयलाई जम्मा ४० करोड रुपैयाँ दिइएको भन्दै उक्त कर सम्पूर्ण रूपमा बीमा बोर्डमा जाने व्यवस्था हुनुपर्ने उनको भनाई थियो ।

मन्त्री पौडेलले भने, 'राज्यले नि:शुल्क गर्ने हो भने पनि प्रिमियम नि:शुल्क गरिदिएर यो मार्फत गर्ने व्यवस्था गर्नुपर्छ । सबैभन्दा बढी उपचार चाहिने बा आमालाई हो । बा आमाले १२ महिनाको वृद्ध भत्ता पाउनुभएको छ । उहाँहरूले ११ महिना लिनुहुन्छ । एक महिना प्रिमियमबापत जम्मा गर्नुहुन्छ । एक महिनाको पैसा दिएर ५ लाख बराबरको उपचार हुन्छ भने के चाहियो ? हामीले सुगर ट्याक्ससम्म भनेका छौं । चिनीजन्य पदार्थ बढी भएका उत्पादनहरूमा सुगर ट्याक्स लगाउनुपर्छ र त्यसबाट आएको ट्याक्स बीमा बोर्डमा जाने व्यवस्था गरिनुपर्छ । राज्यले स्वास्थ्य कर लिएको छ । १२ अर्ब जम्मा हुन्छ । स्वास्थ्य मन्त्रालयलाई जम्मा ४० करोड रुपैयाँ दिएको छ । त्यो स्वास्थ्यकर स्वास्थ्य मन्त्रालयलाई पनि चाहिएन । सम्पूर्ण रूपमा बीमा बोर्डमा जाने हुनुपर्छ । १२ होइन २४ अर्ब लिऔँ न । बीमा बोर्डमा जाने व्यवस्था गरौँ । त्यसैले यसलाई श्रोत सुनिश्चित गरेर अगाडि लैजानुपर्छ । यसलाई एकीकृत प्रणालीबाट विकास गर्नुपर्छ । हामीले सरकारको एजेण्डा बनाउने कोसिस गरिरहेका छौँ । सरकार अलिकति कन्फ्युजनमा छ । यो श्रोत कसरी सुनिश्चित गर्ने ? एक लाख व्यवस्थित भइरहेको छैन, ५ लाखमा समस्या पर्ने त होइन भन्ने छ । त्यसको सूत्र के हो ? हामीले व्यवस्थित ढंगले भनेका छौँ ।'

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वीकार्य हुँदैन : हिंसा

युरोपका विकसित देशभन्दा एसियाका विकासशील देशमा हुने गरेका महिलाहिंसा र यौनिक हिंसाले ल्याउने हलचलका कारण वरिष्ठ राजनीतिज्ञ, कुटनीतिज्ञ र सेलिब्रेटीहरुलाई उचाल्ने र पछार्ने जस्ता कार्यलाई पनि यस्ता घटनाले प्रभाव पारिहरेका छन् । महिला भएकै कारण पुरुषले उनीहरु प्रति हेर्ने दृष्टिकोण आफैमा पुरुषत्वको दम्भ र अनि प्रचलित परम्पराको चक्रव्यूहबाट सिंगो विश्व नै प्रभावित भएको पाइन्छ । धेरैले भनेको सुन्छौ, नेपाल लगायत धेरै देशका कानुन महिला अधिकारवादी भए तर त्यसमा पनि भनिने र सुनिने जस्तो सबै सत्य र असत्य पनि होइनन् । हामीले निर्माण गरेका कानुनको परिपालनामा हाम्रो कति ध्यान गएको छ ? यो प्रश्नको उत्तर हामीले खोज्यौ कि खोजेनौ भन्ने सवाल महत्वपूर्ण सवाल हो भन्ने लाग्छ । स-साना र अल्पविकसित मुलुकका गाउँ अनि दूरदरारमा हुने गरेका लाखौं लाख यस्ता खालका घटनाहरु स्थानीय र पारिवारिक रुपमै समाधान भएका उदारहणसँगै त्यतिकै संख्यामा यस्ता घटनाले जन्मन नपाउँदै इज्जत र शान औकतका नाममा मेलमिलाप गरेर दंमपच बनाइका यस्ता धेरै यथार्थ घटनाहरु भित्रभित्रै सेलाएर पनि गएका छन् । 'सानालाई ऐन, ठूलालाई चैन' भन्ने नेपाली उखान भित्रको सहस्यलाई बुझ्नै नपाई दबाइएका घटनाले मानसिक रुपमा हिंसाको दायरालाई समाजका भित्री अवयवहरुका स-साना प्वालबाट हेरिरहदासम्म पनि हाम्रो परम्परागत समाजले सुधारको बाटो पहिल्याउँन नसक्नु आफैमा अत्यन्तै दु:खद् पक्ष हो ।

राजीखुसी, मन र मतलब मिल्दा सम्म ठीक अनि नमिले पछि अपराध भन्ने सोंच र कुनै पुरुषका जीवनभरको मेहनतलाई गलत नियतका साथ लगाईने आरोपहरुले एउटा पुरुषको भविश्य नै अन्धकारमा पर्छ भने त्यहाँ पुरुष हिंसा भयो भनेर भन्नेहरु पनि कम हुँदैनन् । जे होस् जहाँ जसरी पनि सबै खाले हिंसाको अन्त्यका लागि हामी र हाम्रो समाज शिक्षित र सभ्य नबन्दासम्म केही हुँदैन । शिक्षित सभ्य बन्ने नाममा पाखण्डी र मतलबीपन भने हुनुहुँदैन । नेपाली समाजमा हुने गरेका लाखौ यस्ता हिंसाका घटनाहरु मध्ये केही घटना मात्रै बाहिर आउँछन्, अनि त्यसमध्ये पनि कमै घटनाले यथार्थ र सत्य न्याय निरुपण गर्ने अवसर प्राप्त गर्दछन् । त्यसकारण हिंसालाई लिङ्ग, धर्म अनि जातसँग भन्दा पनि शारीरिर, मानसिक, यौनिक कुन हिंसाबाट कति मात्रामा कुन पक्षको कमजोरीका कारण समस्या आउने गरेका हुन् भन्ने विषयमा चिन्तन गर्नुपर्ने हुन्छ तर, त्यसो भएन कि भन्ने पनि वहसकै विषय बनिरहेका छन् ।

### Opinion @ Social Network

राम्रो बिषय पढेर जागिर खान नसके पनि,
आमाले दिएको राम्रो संस्कारले घर चलाउन सकु ।

*संगिता थापाकोफेसबुक स्टाटसबाट* https://www.facebook.com/thapa.sangita)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हराउँदै गएको सदाचार र मौलाउँदै गएको अनुशासनहीनता



विनोद सिजापती

*कुनै व्यक्ति खडा हुँदा असजिलो अप्ठेरो पर्‍यो भन्दैमा शरीर छोएर घचघचाउने तिनको आचरण मैले स्वीकार्न सकिनँ । उनीतिर फर्कंदा उल्टै उनले मलाई रुखै भाषामा भने, 'यहाँ तपाई खडा हुन पाउनुहुन्न ।' तिनको वाक्य सुनेपछि मैले प्रतिवाद गर्दै प्रश्न गरेँ, 'कसले भनेको ?' उनले उठ्न नपाइने नियम छ भनेपछि म अचम्मित भएँ । वास्तवमा म उभिँदा परिचारिकाहरूलाई अन्य प्यासेन्जरको सेवा गर्न कठिन हुने भएका हुनाले गर्दा तिनले मलाई खडा नहुन भनेका रहेछन् । हामी दुईबीच केही बेरसम्म चर्काचर्की पर्‍यो । मैले भनेँ, 'मेरो ढाड थपथपाउने तपाईलाई त्यो सुविधा कसले दियो ? म खडा भएका कारण खुट्टा दुखेका कारण हो । तपाईले मेरो शरीर छोएको मलाई पटक्कै मन परेन ।*

हवाइजहाजले 'टेकअफ' गरेको केही समयपछि सिटको बकल खोल्न पाउने अनुमति मिलेको सूचना देखियो । म सिटबाट उठेँ । त्यसपछि कसैले मेरो ढाड थपथपायो । फर्केर हेर्दा तिनी भारतीय मूलको जस्तो देखिने सहचारी रहेछन् ।

कुनै व्यक्ति खडा हुँदा असजिलो अप्ठेरो पर्‍यो भन्दैमा शरीर छोएर घचघचाउने तिनको आचरण मैले स्वीकार्न सकिनँ । उनीतिर फर्कंदा उल्टै उनले मलाई रुखै भाषामा भने, 'यहाँ तपाई खडा हुन पाउनुहुन्न ।' तिनको वाक्य सुनेपछि मैले प्रतिवाद गर्दै प्रश्न गरेँ, 'कसले भनेको ?' उनले उठ्न नपाइने नियम छ भनेपछि म अचम्मित भएँ । वास्तवमा म उभिँदा परिचारिकाहरूलाई अन्य प्यासेन्जरको सेवा गर्न कठिन हुने भएका हुनाले गर्दा तिनले मलाई खडा नहुन भनेका रहेछन् । हामी दुईबीच केही बेरसम्म चर्काचर्की पर्‍यो । मैले भनेँ, 'मेरो ढाड थपथपाउने तपाईंलाई त्यो सुविधा कसले दियो ? म खडा भएका कारण खुट्टा दुखेका कारण हो । तपाईंले मेरो शरीर छोएको मलाई पटक्कै मन परेन । त्यसरी असभ्य व्यवहार गर्दा यो मानिस मेरो पिताको उमेरसरहको हो भन्ने सुझबुझसमेत तपाईंमा आएन ?' मेरो बोली भुइँमा खस्न नपुग्दै तिनले एकाएक झुकेर खुट्टा समाउला जस्तो गर्दै भने, 'मलाई क्षमा गर्नुहोस् । तपाईंलाई मैले पछाडिबाट थपथपाउने गल्ती गरेँ । यदि अगाडिबाट देखेको भए किमार्थ त्यस्तो असभ्य व्यवहार गर्ने थिइनँ । पितासमानको व्यक्तिलाई अस्वीकार्य व्यवहार गरेकामा क्षमायाचना गर्छु ।'

भावुक हुँदै तिनले पटक-पटक क्षमायाचना गर्न थाले । तिनले व्यक्त गरेको सदाचारको भावनाले म आफैँलाई गल्ती गरेको महसुस भयो । मैले तिनलाई सम्झाउन थालेँ, 'म पनि रिसाउनु हुँदैन थियो । त्यसकारण हामी दुवैले गल्ती गर्‍यौँ । गल्ती बराबरी भयो । तेह्र घण्टाभन्दा लामो यात्रा अवधिमा तिनले गरेको व्यवहार मेरा निमित्त नौलो थियो । आफ्नो मुलुकमा कैयौँपटक सार्वजनिक बसमा सवार गर्दा नाती उमेरका सहचालक (कन्डक्टर), बैंकमा पेट कसेर जम्मा गरेको कमाइ लिन जाँदा नातिनी समानका टेलरले, अस्पतालमा डाक्टरसँग समय लिन जाँदा रिसेप्सनिस्ट/नर्सले, अनि कुनै सरकारी कार्यालयमा काम परेर जाँदा कर्मचारीका अनावश्यक दुर्व्यवहारका भुक्तभोगी मेरा निमित्त उक्त पुरुष सहचारीको शिष्टाचार अद्वितीय नै थियो । मेरो रिस-रागको मात्र अन्त्य भएको होइन कि तिनको व्यवहारले मलाई पानी पानी तुल्यायो । स्कुले जीवनको सुरुवातमै बुबाले मलाई एउटा पुस्तक थमाउँदै भन्नुभएको थियो, 'यो राम्रोसँग पढ् ।' पुस्तकका लेखक हुनुहुन्थ्यो, कुपण्डोल निवासी बुबाकै समकालीन मित्र एवं गोरखापत्र दैनिकको सम्पादक स्वर्गीय रामराज पौडेल । पुस्तकको शीर्षक थियो, 'सदाचार' । धेरै लामो अवधिसम्म बुबाले सोध्ने गर्नुहुन्थ्यो, 'तैँले रामराजको किताब पढेँ भन्छस्, त्यहीअनुरूप आचरण गर्ने गरेको छ कि छैन ?' आजकल समाजमा 'अर्कोले गर्न हुने मैले किन नहुने ?' त्यसैगरी 'गल्ती भयो त भयो' अथवा 'बोल्न नै हुँदैन' जस्ता कथनहरू खुबै सुनिने गर्छन् । त्यस्ता अभिव्यक्तिहरू सुन्दा लाग्छ, अशिष्ट व्यवहार सहनुपर्ने कालखण्ड आएछ । सदाचार समाजबाट लोप हुँदै गरेको अनुभूति हुन्छ । अशिष्ट व्यवहार भोग्नुपर्दा होस् अथवा साक्षी हुँदा नै किन नहोस् दिमागमा झट्ट आइहाल्छ स्वर्गीय रामराज पौडेल लिखित पुस्तक 'सदाचार' । दुर्भाग्य, उक्त पुस्तक बजारमा मात्र होइन, प्रमुख पुस्तकालयहरूमा समेत पाइँदैन ।

प्रत्येक व्यक्तिले अर्को व्यक्तिसँग सम्मानजनक व्यवहार गर्नैपर्छ भन्ने त छैन । आदर-सम्मान नितान्त आर्जने गुण हुन् । तर, शिष्ट व्यवहार सबैले सबैलाई गर्नुपर्ने नै हो ।

अशिष्ट व्यवहार जो सुकैका लागि पनि सह्य हुँदैन । उमेर घटकिन थालेपछि आदर-सम्मान सबैले खोज्दैनन्, तर अनादर गरेको स्वीकार्य हुँदैन । शिष्टाचार तीव्र गतिमा लोप हुँदै जाँदा सामाजिक अनुशासनका पर्खालहरू पनि भताभुङ्ग हुँदै छन् । शिष्टाचार तथा अनुशासनविहीन समाजले प्रगति गर्दैन । प्रसंग, पाटन कलेजमा बर्सेनि भानु जयन्ती मनाउने प्रचलनको हो । उक्त कार्यक्रम भव्यताका साथ आयोजना गर्ने जिम्मा विद्यार्थी युनियनको हुन्थ्यो । कार्यक्रमलाई सफल तुल्याउन कलेज प्रशासनले विद्यार्थी प्रतिनिधिलाई भरपुर सहयोग गर्थे । २०२६ सालमा भानु जयन्ती मनाउने निर्णय भयो । कलेजका प्रिन्सिपल स्वर्गीय मंगलराज जोशीको प्रस्तावमा रोयल नेपाल एकेडेमीका उपकुलपति बालकृष्ण समलाई प्रमुख अतिथि वक्ता तोकियो । सार्वजनिक हुन नरुचाउने समज्यूलाई निमन्त्रणा दिन प्रिन्सिपल साहेब र म पाटन ढोकाबाट बस चढेर कमलादी पुग्यौँ । मंगलराज सरको विनम्र अनुरोधपछि समले भन्नुभयो, 'आफ्नै ज्योतिषी र विद्यार्थी नेताले अनुरोध गरेपछि कसरी अस्वीकार गर्नू ?' बहुचर्चित सुप्रख्यात साहित्यकार तथा विचारकले प्रमुख अतिथिको निमन्त्रणा स्वीकार्नुभयो । कार्यक्रममा दुई घण्टा भन्दा लामो सम्बोधनका क्रममा प्रमुख अतिथि समले भानुभक्तका विषयमा न्यून चर्चा गर्नुभयो । अत्यधिक समय उहाँले अनुशासनको महत्त्वको विस्तृत व्याख्या गर्नुभयो ।

इतिहासमा सुगौली सन्धि गरेर नेपालले ठूलो भू-भाग सदाका निमित्त गुमाउनुको प्रमुख कारण अनुशासनको अभाव भन्ने उहाँको भनाइ थियो । प्रधानमन्त्री भीमसेन थापाको आदेशको पालना उहाँभन्दा उमेरले पाका नेपाली जनरलहरूले गरिदिएको भए देशले १/३ भूमि गुमाउनुपर्ने थिएन भन्ने उहाँको तर्क थियो । इतिहासलाई दोहोरिन नदिन उहाँले विद्यार्थीलाई अनुशासित हुन आग्रह गर्नुभएको थियो । मेरो सम्झनामा रहेसम्म स्कुले जीवनमा भूगोल विषय अध्यापन गर्दा नेपाललाई 'एसियाको स्विट्जरल्यान्ड'को उपाधि दिइएको थियो । स्विट्जरल्यान्डको भौगोलिक अवस्थासँग दाँजेर नेपाल पनि त्यति नै सुन्दर राष्ट्र भनी वर्णन गर्नु पर्थ्यो । उक्त भनाइको सुरुवात भूगोल विषयका प्राध्यापक शरणहरिले गर्नुभएको जस्तो लाग्छ । प्रथम जनआन्दोलन सफल भएपछि राष्ट्रलाई स्विट्जरल्यान्डजस्तो सम्पन्न तुल्याउने प्रतिबद्धता नेताहरूले गर्न थाले । शन्त नेता कृष्णप्रसाद भट्टराईले भने सिंगापुरले जस्तै उन्नत राष्ट्र निर्माण गर्ने प्रण गर्नुभएको थियो । वर्तमान कालखण्डमा नेताहरूलाई धिकार्ने क्रममा 'स्विट्जरल्यान्ड तथा सिंगापुर'को सपना देखाउने भनेको सुनिन्छ । नैराश्यमय राष्ट्रमा आर्थिक हिसाबले ती दुई राष्ट्रले जस्तै गरेर नेपालले उन्नति गर्न सक्ला भन्ने विश्वास थोरैले मात्र गर्छौं । त्यसो त, ७०० वर्षअघि स्विस नागरिकले तिनको राष्ट्र वर्तमान कालखण्डको जस्तो विश्वकै उदाहरणीय राष्ट्र होला भनी सायदै सोचेका हुँदा हुन् । त्यस कालखण्डमा जो कोहीले पनि स्विसलाई 'प्रकृतिको वरदानजस्तो सुन्दर राष्ट्रका तिमी नागरिकहरू विश्वकै सबैभन्दा सम्पन कहलिने छौँ' खिल्ली उडायो भनी लखेट्दा हुन् । त्यसैगरी, ६ दशकअघि सिंगापुर निवासीलाई पनि 'तिमीहरूकै जीवनकालमा सिंगापुर सम्पन्न राष्ट्रमा परिणत हुन्छ' भन्यो भने सायद तिनले 'स्विट्जरल्यान्ड कुरा नगर' भन्थे होला । भौगोलिक दृष्टिले प्राकृतिक सौन्दर्य भरिपूर्ण स्विट्जरल्यान्ड र नेपालबीच धेरै समानता छन् । त्यसको दाँजोमा सिंगापुरसँग सायदै केही छन् । यदि नागरिकको जीवनस्तरलाई विकासको मापदण्ड मान्ने हो भने तिनीहरूले प्रदर्शन गर्ने आचरणले अत्यधिक महत्त्व राख्छ । स्विसहरू अत्यन्त संवेदनशील हुने गर्छन्, एक-अर्काको सामाजिक सम्बन्धका विषयमा । आफूले गरेको कार्यले अर्कोलाई भौतिक मात्र होइन, मानसिक आघात पुग्ला भनी अधिकांश स्विस हर्दम सजग रहन्छन् । रुखो स्वभावका स्विसहरू अत्यन्त सहयोगी हुने गर्छन् । सिंगापुरका नागरिकहरूमा स्विसहरूको जस्तै व्यक्तिगत व्यवहारमा संवेदनशीलता पाइँदैन । सदाचारी भाव भने प्रचूर मात्रामा पाइन्छ । दुवै राष्ट्रका नागरिकमा पाइने अर्को गुण हो, अनुशासन । सदियौँदेखि कायम गरिएको हुनाले हुन सक्छ, स्विसहरू स्वभावले नै अत्यन्त अनुशासित हुन्छन् ।

सिंगापुरमा राज्यले नागरिकलाई अनुशासन पालना गर्न बाध्य तुल्याउँदै आएको छ । दुवै राष्ट्रका नागरिक सदाचारी तथा अनुशासित हुन्छन् । अचेल रामराज पौडेल लिखित पुस्तक पाइँदैन । स्कुलले विद्यार्थीलाई सदाचार सिकाउँछ या सिकाउँदैन मलाई थाहा छैन । त्यसैगरी, देशमा समकालीन विचारकले अनुशासनको महत्त्व विषयमा चर्चा गरेको सुनिँदैन । जुन प्रकारले समाज अघि बढ्दै छ, त्यसलाई आत्मसात् गर्ने हो भने यी दुवै गुणहरू लोपोन्मुख हुँदै गरेको पाइन्छ । यदि स्विट्जरल्यान्ड तथा सिंगापुरले जस्तै उन्नति गर्ने हो भने हामी नेपालीले पनि चरित्रमा देखिने सदाचारको बहाली आवश्यक छ । त्यसैगरी, यदि ती दुवै राष्ट्रबाट मात्र होइन, आफ्नै इतिहासबाट पाठ सिक्ने हो भने मौलाउँदै गरेको अनुशासनहीनतालाई रोक्नु नै पर्छ । चाहे त्यो सिंगापुरले गरेजस्तो किन नहोस् ।

*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताले अवसर दिलाउनेछ। तीर्थ वा मन्दिरको भ्रमण हुनसक्छ । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । लाभदायक योजना बन्नेछ । |
| **बृष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **बृश्चिक** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। व्यवसायमा पनि फाइदा होला। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । | **धनु** : भाग्यले अवसर जुराउनेछ । परिश्रमअनुसार उपलब्धि पाइएला । |
| **कर्कट** : विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। | **मकर** : शत्रुमाथि विजय प्राप्त हुनेछ । कृषिक्षेत्रका काममा मन जानेछ । |
| **सिंह** : विशिष्ट व्यक्तिको साथ र सहयोग पाइनेछ । शेयर बजारले साथ दिनेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **कन्या** : उल्झनमा परि आँटेको काम बिग्रनेछ । कमजोर भएको अनुभूति हुनेछ। | **मीन** : संस्थाबाट सहयोग पाइनसक्छ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |

## कला मनोरञ्जन

# जेलमा उनी भेट्न आउँदा भक्कानिन्थें



जीवनमा कहिले नसोचेको घटना पनि घट्दो रहेछ । 'वान एक्स बेट' प्रचारको आरोपमा म पक्राउ पर्नु त्यस्तै एक घटना हो । यो मेरो जीवनको सबैभन्दा दु:खदायी घटना । मबाट अन्जानमा भएको कामले ठुलो सबक सिकायो । 'वान एक्स बेट' प्रचारको आरोपमा २८ दिन हिरासत नै (जेल) बस्नुपर्‍यो । ती दिन मेरो जीवनकै कालो दिन थिए । 'वान एक्स बेट' अनुसन्धान भन्दै म लगायत ११ जना पक्राउ पर्‍यौ । प्रहरीले राखेपछि धेरैले जेल नै भन्दा रहेछन् । जेल, हिरासत, प्रहरीको कस्टडी जे भनेपनि एउटै हो क्यार । २८ दिनमा, पहिलो दिन दरबारमार्ग प्रहरीमा राखियो । त्यो एक दिनको अनुभव भुल्दै नसक्ने छ । त्यहाँ उडुसले झन्डै सिध्याएको थियो । दोस्रो दिनबाट महानगरीय प्रहरी परिसर टेकुमा राखियो । जतिबेला म पक्राउ परे, त्यो समय कलाकार, नेता, बलात्कारी, साइबर अपराध, ज्यानमुद्दा सबै अपराधमा पक्राउ एकैठाउँमा राखियो । अहिले त माइतीघरमा अपराध र वर्ग हेरेर फरक फरक राख्ने ठाउँ बन्यो रे । प्रहरीले जुनदिन म लगायतका साथीभाइ पक्राउ भनेर समाचार आयो, वास्तवमा हामी पक्राउ परेका थिएनौँ । त्यो दिन हामी सिरियल 'हल्का रमाइलो'को काभ्रेको साँगा चोकमाथिको गाउँमा सुटिङ गर्दै थियौ । प्रहरीबाट बोलावट आयो, सुटिङ छाडेर पुग्यौँ । सुटिङ छ, अहिले आउन भ्याउँदैनौ, भोली आउँछौ भन्दा प्रहरीले हुँदैन, कि आउनु, होइन भने भ्यान लिन पठाउँछु भन्यो । हामी डराएर सुटिङ युनिटलाई त्यही छोडेर तत्काल हाजिर भयौ । प्रहरीलाई सोध्यौ, 'कति समय लाग्छ । सुटिङ युनिट पर्खिरहेको छ, छिटो जानुपर्छ' । प्रहरीले भन्यो, 'पर्खनुस्, युनिट भए फर्काए हुन्छ । ढिलो पनि हुनसक्छ ।' म हुँदैन भन्दै थिए । प्रहरीले एकछिन, एकछिन भन्दै ३, ४ घण्टा बितायो । अनि पक्राउ पुर्जी थम्यायो । मोबाइल पनि नियन्त्रणमा लियो । तब हामीलाई हामीलाई थाहा भयो 'वान एक्स बेट'को विज्ञापनको कारण प्रहरीले पक्राउ गर्‍यो । त्यो समयसम्म मलगायत टिमलाई 'वान एक्स बेट' बजाउन हुन्न भन्ने थाहा नै थिएन । 'वान एक्स बेट'मा पनि बिइटी र बिएटी भन्ने दुईवटा पो रहेछ । बिइटी भन्ने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको क्रिकेट खेलको मुख्य प्रायोजक थियो । हामीले बजाएको फरक बिएटी रहेछ । फरक छुट्याउन नसक्दा दु:ख पाउनुपर्‍यो । हामीलाई जसले विज्ञापन दियो । त्यसले यो इलिगल होइन, भारतमा पनि राम्रो चलेको छ भन्यो । अहिले पनि इन्डियाको लिगमा त्यो विज्ञापन देख्दै आएका थियौ । नेपालको खेलाडीले इन्डियामा खेलेका खेलमा पनि 'वान एक्स बेट'ले स्पोन्सर गरेको देखिन्थ्यो । 'वान एक्स बेट'को विज्ञापन युट्युबमा मात्र हालेका थियौ । युट्युब संसारभर जाने भएकोले विज्ञापन दिएको भन्ने लाग्थ्यो । विज्ञापन बजाएको २ महिना भएको थियो । पैसा भने आएको थिए । हामी भन्दा अघिल्लो दिन यसका मुख्य दोषी दिनेश खड्का र अनिता धिताल पक्राउ परेका रहेछन् । हामीलाई पनि अदालतमा प्रहरीले हिजोको मुद्दामा मिलान भनेर उहाँहरूकै मुद्दा जोड्यो । दिनेश र अनिताले गरेको ७२ करोडको कारोबार हाम्रो भनेर प्रचार भयो । त्यो झुट थियो । त्यो झुटले तनाव सुरु भयो । न हाम्रो मोबाइलमा 'वान एक्स बेट' डाउनलोड थियो, न अन्य केही । पैसा पनि पाएको थिएन । 'हाम्रो सिरियल विज्ञापनले चल्ने हो । विज्ञापन सोचेर हाल्यौ । हामीले त्यो विज्ञापन नेपालमा बजाउन पाइन्छ, कि पाइँदैन भनेर सोचेनौ' प्रहरी बयानमा भन्यौ, 'नेपाली कानुन राम्रोसँग बुझेका पनि थिएनौँ ।' त्यसपछि मैले बुझे मानिसले सबैभन्दा ध्यान दिनुपर्ने कुरो नेपाल प्रहरीको प्रहरी अनुरोध कार्यक्रम रहेछ । नेपाल प्रहरीको पेज पनि छ । त्यो पेज फलोगर्नुपर्दो रहेछ । त्यो पेजमा विज्ञापन इलिगल भनेर धेरै पहिले राखिएको रहेछ । त्यो मैले थाहा पाइन । मेरो गल्ती त्यहाँ भयो ।

**जीवनमा एकपटक जेल राम्रो :** हुन त, यो कुरोको अर्को अनर्थ लाग्ला, 'जीवनमा एकपटक मानिस जेल जानुपर्ने रहेछ' । जेल परियो भने जीवन के हो । हामीले गर्न नहुने सबै थाहा हुँदो रहेछ । सफा मनले कसैको सामान पनि केही पुर्‍याइदिन नहुने रहेछ । त्यस मार्फत पनि मानिसले फसाउन सक्दोरहेछ । प्लेन यात्रामा गुन्द्रुक, सुकुटीलगायत कतिपय देशमा लैजानु हुँदैन । कसैसँग रिस उठेको छ भने, त्यो मानिसले सजिलै फसाउन सक्ने, ब्ल्याक मेलिङबाट बच्चे, फेसबुक, टिकटक लगायतका कोड कसैलाई पनि दिनु नहुने लगायत धेरै कुरो सिकाउँदो रहेछ । नेपालको कानुन सबैले सिक्नुपर्ने रहेछ । गल्तिभएपछि कानुन जान्दिन भनेर उन्मुक्ति नमिल्दो रहेछ । आफू फसेपछि थाहा पाए । म त सामान्य विज्ञापन बजाएर जेल परे । जुन अपराध हो भन्ने पनि थाहा थिए । जेलमा यो अपराधको १५ वर्ष जेल सजाय भोक्नैपर्छ भनेर जान्दा जाँदै पनि अपराध गर्नेसँग पनि भेट भो । त्यो देख्दा मानिस कस्ता-कस्ता हुन्छन् बुझ्न सके । बाहिर जेलमा केही खर्च हुँदैन भन्ने छ । त्यो होइन रहेछ, जेलमा त झन् धेरै खर्च हुँदोरहेछ । त्यहाँ सरकारी र प्राइभेट खाना दुवै पाइदोरहेछ । दिनको एक हजारदेखि १५ सयसम्म खर्च हुँदोरहेछ । त्योपनि खाना, खाजा, र चियामा मात्र ।

**स्वतन्त्रता बुझेँ :** जेल परेका मानिसलाई प्रहरीले यस्तो गर्छ, उस्तो गर्छ भन्ने नकारात्मक हल्ला बाहिर धेरै सुनेथेँ । म कलाकार भएर हो, वा केले । प्रहरीले राम्रो व्यवहार गर्‍यो । जेलमा सुत्न लडाई जितेजस्तै रहेछ । धेरै मानिस, एकै ठाउँमा सुत्नुपर्ने । खुट्टा खम्चाएर सुत्नै नपाइने । खुट्टा सिधा गरेर सुत्यो भने सुत्न पाइयो, खुम्चाउने बित्तिकै अर्कोलाई असजिलो हुनाले कराईहाल्थ्यो । भात खाएपछि भाडा धुन लाइन, धमिलो पानीले नुहाउन लाइन, त्यो पनि पालो पाउन मुस्किल । बिहान ५ बजे उठ्नैपर्ने । ४५ मिनेटको नियमित एक्सरसाइज गर्नैपर्ने । साँझ ६ बजे राष्ट्रियगान गाउनुपर्ने नियम । जेल भित्रको लाइफ छुट्टै हुन्छ । घामका झुल्को समेत देख्न नपाइने । एउटै कोठामा के गर्ने ? । कलाकार भएकोले मलाई प्रहरीले उनीहरूको डिउटी बस्ने नजिक झ्याल भएको ठाउँमा बस्नसम्म दिन्थ्यो । त्यहाँबाट बाहिर हेर्दा स्वतन्त्र हिँडेको मानिस देख्थें , त्यो देख्दा म निकै भावुक हुन्थें । मलाई लाग्थ्यो, 'मानिस आनन्दले हिँड्न, डुल्न र खान पाएको छ । किन दुखी भएर आत्महत्या गर्छ ? ।' त्यो समय स्वतन्त्रता के हो, जीवन के हो, खुसी कसरी हुनुपर्ने

**उनी भेट्न आउँदा... :** म जेलमा हुँदा बाहिर मेरा विषयमा तीनवर्ष बस्नुपर्ने हल्ला चलेछ । समाचारहरू पनि राम्रो बनेन । नराम्रा समाचारले घरपरिवारलाई धेरै टचरभयो भनेर चिन्ता लाग्थ्यो । अरूका घरपरिवारले भेट्ने व्यक्तिलाई सम्झाउँथें, मेरो उल्टै भेट्न आउनेलाई सम्झाउनुपर्थ्यो । भन्थें, 'नआत्तिनु, बाहिर हल्ला भएजस्तो केस होइन मेरो । छिट्टै निस्कन्छु ।' जेलपर्दा मेरो श्रीमतीको ६, ७ महिनाको गर्भ थियो । सबैभन्दा पीडा त्यही महसुस गरे । सोच्थें, 'उनलाई केयर गर्नुपर्ने समय उनी जेलमा भेट्न आउनुपरेको छ ।' उनी भेट्न आउँदा भक्कानिन्थें । सबैभन्दा धेरै पीडाबोध हुन्थ्यो । त्यो अहिले शब्दमा भन्न सक्दिन । भन्थें, ' तिमी नआऊ, म छिट्टै आउँछु ।' पक्राउ परेकै दिनमा बढीमा २४, नत्र २१ दिन बस्नुपर्ने भनिएको थियो । किनभने यस्तो केसमा पहिला भारतका २१ जना परेका रहेछन् । उनीहरू २४ दिन बसेर निस्किएछन् । पक्राउ परेको केही दिनपछि दिनेश खड्का र अनिता धितालको ७२ करोडको केससँग हामीलाई छुट्याइयो । जसले गर्दा सजिलो भयो । ५ हजार धरौटीमा छुट्न पायौ । केस अहिले पनि अदालतमा छ । अब सकिन लाग्यो । बुबाबाजेले जे परेपनि मुद्दामामिला नजानु भन्थे । किन भन्ने आफूले भोगेपछि बुझें । नेपालका करिब दुईसय युट्युब च्यानले त्यो समय 'वान एक्स बेट'को विज्ञापन बजाउँथ्यो । दु:ख पाउने म लगायत ११ जना मात्र भयौ । हामी पक्राउ परेपछि धेरैले विज्ञापन हटाएछन् । हामी कलाकार भएकाले हामीलाई समात्यो भने समाचार आउँछ । समाचार आएपछि हल्ला हुन्छ । सबैले यस्तो गर्न हुँदैन भनेर थाहा पाउँछन् भनेर हामी निसानामा परेको पनि थाहा भयो ।

**ट्याक्सीमा घर तिर :** जेलबाट रिहा हुने दिन साथीभाइ, परिवार सबै भेला भएका थिए । रिहा हुँदा साँझको ९ बजिसकेको थियो । हाम्रो भाग्य, अदालतका कर्मचारीको साथले २७ औ दिनमा निस्कन पायौ । त्यो दिन अदालतका कर्मचारीले ढिलोसम्म काम नगर्दिएको भए, तीन दिन लगातार सार्वजनिक बिदा थियो । अर्को ४ दिन जेल बस्नुपर्थ्यो । रिहा भएको समय गटेमा मिडिया, साथीभाइ, आफन्त थिए । केहीको हातमा फूलमाला र खाँदा पनि थियो । मलाई नमज्जा फिल भइरहेको थियो । राम्रो काम गरेर कैतैबाट आएको भए पो, ती फूलमाला, खाँदा लगाउन सुहाउँथ्यो । केहीले लगाइदिनुभयो, केहीको न लगाई छिटो ट्याक्सी बोलाएर घर तिर लागें ।

*-रातोपाटी डटकम*

# चुनौती दिने क्यारेक्टर गर्न रुचाउँछु : धीरज मगर



२०७५ सालमा आएको फिल्म 'इन्टु मिन्टु लण्डनमा'बाट अभिनेता धीरज मगरको उदय भएको थियो । यसले उनको छवि नै 'लभर ब्वाई'को रुपमा बनायो । यसपछिका फिल्ममा पनि उनी रोमान्टिक भूमिकामै देखिए, तर त्यसमा विविधता देखिन्थ्यो ।

दोस्रो फिल्म 'बाबरी'मा लुक्सदेखि बोल्ने शैलीसम्म फरक थियो । 'ज्याकी'मा डान्सर बनेका थिए । र, 'एक भगवत् गीता'मा मगर चरित्र निभाए । अब उनको पाँचौं फिल्म 'खुस्मा' आगामी असोज ३ गते (संविधान दिवस)बाट प्रदर्शन हुँदैछ । यसमा उनले गाउँले चरित्र निभाएका छन्, जसले द्वन्द्वकालीन जीवन बाँचेको छ । नेपाली फिल्ममा कलाकारहरुलाई 'टाइपकास्ट' (सधैं उस्तै खालको भूमिका) गराउने चलन भए पनि आफूले दोस्रो फिल्म (बाबरी)बाट नै फरक-फरक चरित्रमा काम गर्ने अवसर पाइरहेकोमा उनी गर्व महसुस गर्छन् । एक भेटमा उनले भने, 'पहिलो फिल्ममा मेरो सहरीया क्यारेक्टर थियो । तर, दोस्रो फिल्मबाट नै मैले त्यसलाई ब्रेक गरेँ । नेपालमा 'टाइपकास्ट' गर्ने चलन छ । कति कलाकारहरु मेरो 'कम्फर्ट जोन' यही हो र यसैमा जान्छु भन्ने पनि सोच्नुहुन्छ । तर, मैले पहिलो फिल्मभन्दा दोस्रो फिल्ममा फरक चरित्र निभाएको थिएँ । मेरो प्रयास हरेक फिल्ममा फरक लुक्स र चरित्रमा काम गरुँ भन्ने हुन्छ ।' धीरज हरेक फिल्ममा आफूलाई चुनौती दिन सक्ने चरित्र होस् भन्न चाहन्छन् । 'मैले आफ्नो 'कम्फर्ट जोन'मा बसेर जे सुहाउँछ त्यही गर्छु भनेको भए 'इन्टु मिन्टु लण्डनमा'पछि त्यस्तै क्यारेक्टर गरेर बस्थेँ होला । तर, म आफैंलाई चुनौती दिने खालको क्यारेक्टर गर्न रुचाउँछु,' उनले भने । 'खुस्मा'मा पनि आफ्नो फरक चरित्र रहेको र त्यसमा काम गर्न एकदमै चुनौती भएको धीरज स्मरण गर्छन् । 'मेरो साधारण क्यारेक्टर छ, जो मैकोट गाउँमा

> **दोस्रो फिल्म 'बाबरी'मा लुक्सदेखि बोल्ने शैलीसम्म फरक थियो । 'ज्याकी'मा डान्सर बनेका थिए । र, 'एक भगवत् गीता'मा मगर चरित्र निभाए । अब उनको पाँचौं फिल्म 'खुस्मा' आगामी असोज ३ गते (संविधान दिवस)बाट प्रदर्शन हुँदैछ । यसमा उनले गाउँले चरित्र निभाएका छन्, जसले द्वन्द्वकालीन जीवन बाँचेको छ ।**

हुर्किएको हो । २५ वर्ष अगाडिको कथामा 'खुस्मा' बनेकाले चरित्रमा काम गर्न चाहिँ गाह्रो भएको थियो,' उनी सम्झन्छन्, 'त्यो समयको हुकाई र भोगाई हामीमा छैन । त्यसैले वर्कसपमा हामीले द्वन्द्वकालको समय बुझ्न कति डकुमेन्ट्रीहरु हेर्‍यौं । इतिहासका किताबहरु पनि पढियो । त्यो क्यारेक्टरमा छिर्न एकदमै मिहिनेत र तयारी गर्नुपरेको थियो ।' उनी 'खुस्मा'लाई शुद्ध र 'इनोसेन्ट' लभस्टोरी भन्न रुचाउँछन् । 'शहरमा यो किसिमको लभ नहोला तर गाउँमा त्यो पनि द्वन्द्वकालको समयमा दुईजना (प्रेम जोडी)ले कस्तो समस्या झेल्नुपरेको थियो भन्ने कुरा फिल्ममा छ । माया भन्ने कुरा कति शक्तिशाली हुने रहेछ भन्ने फिल्मले देखाउँछ । यसमा शुद्ध र 'इनोसेन्ट' लभस्टोरी छ,' उनले भने । धीरज फिल्मलाई लिएर एकदमै उत्साहित देखिन्छन् ।

*-फिल्मी खबर डटकम*


## अन्धकारमुक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर पाल्पाको
## ऋण चूक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना

( प्रथम पटक प्रकाशित मिति २०८१/०५/२६)

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर पाल्पाको तपसिल बमोजिमका ऋणी सदस्यहरुले संस्थाबाट लिएको ऋणको नियमित रुपमा बुझाउनुपर्ने सावाँ तथा ब्याज भुक्तानी तालिका अनुसार नियमित ऋण भुक्तानी नगरी ऋण लिंदाका बखत गरेको शर्त उल्लङ्घन गरी ऋणको भाखा नघाएको हुँदा उक्त ऋण असुलीका लागि संस्थाबाट पटक पटक ताकेता गर्दा पनि ऋण भुक्तानी नगरेकोले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम १ (क) तथा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम १ (क) बमोजिम सम्बन्धित ऋणीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखि तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, ब्याज र बाँकी बक्यौता सम्पूर्ण रकम तिर्न, बुझाउन वा रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु हुन यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र पनि तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा ऋण सुरक्षणका लागि संस्थाको नाममा धितो स्वरुप लेखिदिएको घर जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम १ को (ख) बमोजिम एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम १ (ख) एवं संस्थाको ऋण असुली नीति तथा कार्यविधिले दिएको अधिकार प्रयोग गरि ऋणी तथा धितो जमानी दिने व्यक्तिलाई समेत कालो सूचिमा राख्नको लागि लेखी पठाई धितो लिलाम बिक्रिको प्रकृया अगाडि बढाईने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ऋणी सदस्यको फोटो | ऋणी सदस्यको विवरण | ऋणी सदस्यको फोटो | ऋणी सदस्यको विवरण |
|---|---|---|---|
|  | नाम : कमल ढकाल<br>जन्म : मिति २०२८/०७/१४<br>ना.प्र.नं : ६१३६<br>जि.प्र.का : पाल्पा<br>पिता : वेदराज ढकाल<br>बाजे : लालु<br>ठेगाना : रामपुर ७, पाल्पा<br>हाल : रामपुर नगरपालिका ६, पाल्पा |  | नाम : कृष्ण प्रसाद खनाल<br>जन्म मिति २०३७/०२/१४<br>ना.प्र.नं : ९२४६०<br>जि.प्र.का : पाल्पा<br>पिता : जेदुनाथ खनाल<br>बाजे : खिमकर्ण<br>ठेगाना : दर्छा ६, पाल्पा<br>हाल : रामपुर नगरपालिका ३,पाल्पा |
| ऋणी सदस्यको फोटो | ऋणी सदस्यको विवरण | ऋणी सदस्यको फोटो | ऋणी सदस्यको विवरण |
|  | नाम : टिका सुनार<br>जन्म मिति २०३७/०७/०३<br>ना.प्र.नं : ९७६४<br>जि.प्र.का : पाल्पा<br>पती : हस्त बहादुर सुनार<br>ससुरा : कालु सुनार<br>ठेगाना : रामपुर ४, पाल्पा<br>हाल : रामपुर नगरपालिका ४, पाल्पा |  | नाम : बासुदेव पोखरेल<br>जन्म मिति २०४०/०३/१६<br>ना.प्र.नं : ९९६८६<br>जि.प्र.का : पाल्पा<br>बुवा : सुर्य प्रसाद पोखरेल उपाध्याय<br>बाजे : महेन्द्र<br>ठेगाना : रामपुर ५, पाल्पा<br>हाल :रामपुर नगरपालिका ७,पाल्पा |

अन्धकारमुक्ति
बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पा

# साहित्यकार चन्दको 'आगो' र 'सप्तरंगी सुमन' लोकार्पण



**पाल्पा,** भदौ २५/साहित्यकार तथा नेपाली सेनाका सेवानिवृत प्रमुख सेनानी दीर्घबहादुर चन्द 'सुमन'को दुई वटा पुस्तक एकै पटक लोकार्पण गरिएको छ । चन्दको ५४ औं जन्म दिनको अवसरमा आगो लघुकविता सदन (आलस)ले काठमाडौंमा उक्त पुस्तकहरुको लोकार्पण तथा विमर्श कार्यक्रम गरेको हो ।

आगोका परिकल्पनाकार चन्दद्वारा लिखित ति काव्य कृतिको पाल्पाली साहित्यकार तथा शीत र त्रिशूल काव्यका परिकल्पनाकार पुष्कर अथक रेग्मीले लोकार्पण गरेका हुन् । कृतिको लोकार्पण गर्दै प्रमुख अतिथि रहेका रेग्मीले कृति प्रकाशनले नेपाली साहित्यक इटा थप्ने काम गरेको बताए । उनले आगो कृति अहिलेसम्मकै लघुतम उपविधाहरूमा अति सशक्त उपविधा रहेको उल्लेख गरे । रेग्मीले भने' सिद्धान्त र प्रयोगसहित आएको कृतिले उपविधालाई स्थापित गर्न सहयोग पुऱ्याउनुका साथै अन्य परिकल्पनाकारहरूको समेत चासोको विषय बन्ने छ ।' सुमन उपनामले परिचित चन्दको अर्को कृति सप्तरंगी सुमन पनि उदाहरणीय र संग्रहणीय रूपमा आएको उनको भनाई छ । कार्यक्रममा आगो कृतिको चन्द्रा न्यौपाने र सप्तरंगी सुमनको दुर्गा अधिकारी भमरकोटेले समीक्षा गरेका थिए । आगोको समीक्षा गर्दै न्यौपानेले आगो द्विपदीय लघुकाव्य, नवीनतम् प्रयोग र लघुउपविधा रहेको बताए । उनले कृति सिद्धान्त र प्रयोग सहित आएकाले काव्य सिर्जना गर्न सजिलो हुने, कृति पढेर जो कोहीले पनि आगो सिर्जना गर्न सक्ने उल्लेख गरे, अर्का समीक्षक अधिकारीले काव्य संग्रह सप्तरंगी सुमन आफैमा सप्तरंगी इन्द्रेणी भएको बताए । उनले यसभित्रका विविध संग्रहहरू अर्थपूर्ण एवं सन्देशमूलक कोशेलीको रूपमा रहनुका साथै सबैका लागि उपयोगी कृति रहेको भन्दै एक पटक पढ्न सबैलाई आग्रह गरे । प्रकाशित कृतिको साहित्यकार द्वारिका कुइकेल, पूर्व महासेनानी प्रकाजंग कार्की र पूर्व सहायक रथी तेज प्रकाश बानियाँले सफलताको शुभकामना व्यक्त गरेका थिए । साहित्यकार चन्दको जन्म दिन भएकाले केक काटी उपहार समेत प्रदान गरिएको थियो । कार्यक्रममा गायक तथा संगीतकारहरूद्वारा पूर्वली तथा पश्चिमेली भाकामा आगो गायन समेत गरिएको थियो । साहित्यकार चन्दले लेखकीय मन्तव्यसँगै सबैलाई धन्यवाद ज्ञापन गरे । नेपाली सेनाका पूर्व उपरथी शेखर सिंह बस्नेतको अध्यक्षता, साहित्यकार सुशीला ढकाल अधिकारीको स्वागत र साहित्यकार तथा पत्रकार दामोदर ढकाल दीपकको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### विश्वकप खेल्न क्यानडा जाने नेपाली टोलीको बिदाइ



**काठमाडौं,** भदौ २५/आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिदेशीय शृङ्खला खेल्न क्यानडा जाने नेपाली टोलीको बिदाइ भएको छ । नेपाल क्रिकेट सै (क्यान) ले मंगलबार एक कार्यक्रमका बीच नेपाली टोलीको बिदाइ गरेको हो ।

नेपाली टोली मंगलबार राति क्यानडा जाँदैछ । क्यानडा भ्रमणका लागि रोहित पौडेलको कप्तानीमा १६ सदस्यीय नेपाली टोली घोषणा भइसकेको छ । क्यानडामा नेपालले भदौ ३१ गते र असोज ६ गते घरेलु टोलीसँग खेल्नेछ । यस्तै नेपालले असोज २ गते र असोज ८ गते ओमानसँग खेल्नेछ । यो शृङ्खलापछि क्यानडा, नेपाल र ओमानबीच टी-२० अन्तर्राष्ट्रिय शृङ्खला पनि हुनेछ । टी-२० शृङ्खलामा नेपालले असोज १२ गते र असोज १५ गते क्यानडासँग तथा असोज १३ र असोज १६ गते ओमानसँग खेल्नेछ । यसपछि नेपालले आउँदो अक्टोबरमा अमेरिकामा हुने आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिदेशीय शृङ्खला खेल्नेछ । यो शृङ्खलामा घरेलु टोली अमेरिकासँगै नेपाल र स्कटल्यान्डबीच प्रतिस्पर्धा हुनेछ । यो शृङ्खलापछि अमेरिका, नेपाल र स्कटल्यान्डबीच टी-२० अन्तर्राष्ट्रिय शृङ्खला पनि हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### प्यान अद्यावधिक गर्न एनआईसीको अनुरोध

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**काठमाडौं,** भदौ २५ /एनआईसी एसिया बैंकले स्थायी लेखा नम्बर (प्यान) अद्यावधिक गर्न ग्राहकसँग अनुरोध गरेको छ । खाताबाट गरिएको करकट्टी विवरण आयकर ऐन-२०५८ बमोजिम प्यानमा आबद्ध गर्नुपर्ने भएकोले अद्यावधिक गर्नु आवश्यक रहेको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । आफूलाई पायक पर्ने बैंकको जुनसुकै शाखा कार्यालय वा बैंकको पोर्टल वा मोबाइल बैंकिङ एपबाट प्यान अद्यावधिक गर्न सकिने बैंकले जनाएको छ । यस बैंकबाट निक्षेपकर्ताको ब्याज भुक्तानी बापत काटिएको करलाई ई टीडीएस रेकर्डमा जनाउनका लागि प्यान अत्यावश्यक हुने बैंकले जनाएको छ ।

### सुजुकीको चाडपर्व लक्षित अफर

**काठमाडौं,** भदौ २५/नेपालको लागि सुजुकी मोटरसाइकल तथा स्कुटरको आधिकारिक आयतकर्ता तथा विक्रेता भीजी अटोमोबमाइल्स प्रालिले चाडपर्व लक्षित अफर सार्वजनिक गरेको छ । दशैं, तिहार, नेपाल सम्बत ११४५ र छठ पर्वको अवसर पारेर कम्पनीले 'दशैं आयो क्यास पायो' योजना सार्वजनिक गरेको हो । योजना अनुसार ग्राहकले प्रत्येक सुजुकी मोटरसाइकल तथा स्कुटर खरिदमा एसएमएस गरी न्यूनतम ७ हजार रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म नगद पाउने कम्पनीले जनाएको छ ।

साथै एक्स्चेन्ज र फाइनान्स्को पनि सुविधा रहेको कम्पनीले जनाएको छ । सुजुकीले ५ वर्षको वारेन्टीका साथै ५ वर्षीय फ्री सर्भिस सुविधा पनि ल्याएको छ ।

# तोलामा २ सय रुपैयाँ बढ्यो सुन



**पाल्पा,** भदौ २५/मंगलबार सुनको भाउ तोलामा २ सय रुपैयाँ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार अघिल्लो दिन प्रतितोला १ लाख ५२ हजार २ सय रुपैयाँ रहेको सुन १ लाख ५२ हजार ४ सय रुपैयाँ कायम भएको छ ।

शुक्रबार सुनको मूल्य हालसम्मकै उच्च १ लाख ५३ हजार ३ सय रुपैयाँ पुगेको थियो । त्यस्तै चाँदीको भाउ अघिल्लो दिनको तुलनामा तोलामा १० रुपैयाँ बढेको छ ।

अघिल्लो दिन प्रतितोला १७५५ रुपैयाँ रहेको चाँदी मंगलबार १७६५ रुपैयाँ कायम भएको छ ।

# ढोरपाटनमा...

... किसानचिरनकुमार घर्तीले गाउँमा खाली रहेको जग्गालाई सदुपयोग गरी व्यावसायिक स्याउखेतीथालेको बताए । हालसम्म व्यक्तिगत रुपमा रु २० लाख र कृषि ज्ञान केन्द्रको अनुदानसहित रु २७ लाख लगानी भएको उनले जानकारी दिए ।

एक हजार तीन सय बिरुवा लगाएकामा करिब एकहजारले फल दिएको भन्दै अझै १० हजार बिरुवा लगाउने योजना रहेको घर्तीले जानकारीदिनुभयो । सामूहिक रुपमा करिब एक सय रोपनी जग्गा भाँडामा लिएर उत्तरगंगाअर्गानिक एग्रो प्रालि दर्ता गरेर खेती सुरु गरेको उनले उल्लेख गरे । 'रोजगारीका लागि विदेश जाँदा पनि दु:खगर्नुपर्छ, स्वदेशमा स्वरोजगारका अवसर सिर्जना गरी मेहनत गर्दा प्रशस्त खाम्दानी गर्न सकिन्छ। अहिले एक सय रोपनीमा १० हजार स्याउ फलाउने गरी काम गरिरहेका छौं' उनले भने, 'छ जनाको समूहबाटकाम थालेका छौं, अब प्राविधिक ज्ञान सिक्न बाँकी छ ।'

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले मस गाउँमा इटालियन स्याउ उत्पादन हुने राम्रोहावापानी भएकाले किसानलाई प्रोत्साहन गरी व्यावसायिक बनाउन थालिएको बताए ।

कृषिनिर्देशनालयले इटालीबाट ल्याएको गोल्डेन, गाला, फूजी र रेड जातको स्याउकाबिरुवा सहयोग गरेको भन्दै केन्द्रलेस्याउलाई आवश्यक पर्ने प्राविधिक ज्ञान, मल, सिँचाइलगायतमा सहयोग गरेको उनले जानकारीदिए । केन्द्रले यहाँ चाहिने आवश्यक प्राविधिक सहयोगसमेत निरन्तर गर्दै जाने प्रमुखसिलवालले बताए । परीक्षणका लागि लगाइएको स्याउ राम्रो फलेपछि थप बिरुवा सहयोगगर्दै जाने उनले उल्लेख गरे ।

### डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

मिति २०८१ साल वैशाख ०१ गतेका दिन तानसेन बसपार्क देखि पोखरा पेन्सन क्यामप जाने क्रममा तानसेन नगरपालिका -१, भुसलडाँडा बस्ने भारतीय भू.पू सैनिक २/९ जी.आर एक्स नं. ५८३७५६५ रा.मै नर बहादुर थापाको डिस्चार्ज सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।
**नाम :** नर बहादुर थापा
**ठेगाना :** तानसेन नगरपालिका -१, भुसलडाँडा
सम्पर्क नम्बर : ९८६७२४४८३०

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई